लाख रुपैयाँ) प्राप्त भएकोमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. ०७५।७६ च.नं. २९५ मिति २०७५।११।०८ को प्राप्त पत्रसाथ संलग्न मार्गदर्शनको दफा ५ अनुसार गाउँपालिका अन्तर्गत प्राथमिकतामा परेका नवीकरणीय उर्जा प्रविधि जडान अन्तर्गत सोलार सडक बत्ती जडान कार्यका लागि खर्च गर्न भनी सिफारिस भई आएकोले सो अनुसारको कार्य अगाडि बढाउने निर्णय गरियो ।

नि.नं.५: प्रस्ताव नं. ५ माथि छलफल हुँदा जिल्ला समन्वय समितिको कार्यालय, चैनपुर, बझाङको प.सं. २०७५।७६, च.नं २६३, मिति २०७५।१०।१३ को पत्रबाट बझाङ जिल्लाका सबै स्थानीय तहलाई सम्बोधन गरी प्रेषित नदीजन्य पदार्थको उत्खनन् तथा संकलन कार्यलाई कानून बनाई लागु गर्नुपर्ने भन्ने सम्बन्धी पत्रको व्यहोरा कार्यपालिकाको बैठकमा अवगत हुँदा यस गाउँपालिकाले यथाशिघ्र सो सम्बन्धमा कानुन बनाई लागु गर्ने भन्ने निर्णय गरियो ।

नि.नं.६: प्रस्ताव नं. ६ माथि छलफल हुँदा यस कार्यालयको आवधिक लेखा परीक्षण सम्बन्धमा आर्थिक वर्ष २०७५।७६ मा भए गरेका आर्थिक कारोबारहरुको अर्धवार्षिक आन्तरिक लेखा परीक्षण कार्य गर्न कोष तथा लेखा नियन्त्रण कार्यालय, बझाङ्गबाट गराउने भन्ने निर्णय गरियो । साथै उक्त कार्यका लागि कोष तथा लेखा नियन्त्रक कार्यालय, बझाङ्गलाई पत्राचार गर्ने भन्ने विषयमा सर्वसम्मत रुपमा पारित गरियो ।

केदारस्यूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय दैउरा, बझाङ सुदूरपश्चिम प्रदेश, नेपाल

प्रस्तावहरु:

१. कृषि शाखाको नमूना कृषक समुहको विधान स्वीकृत गर्ने सम्बन्धमा ।

२. धनी बहादुर बोहराको घर जलेर क्षती भएकोले राहत उपलब्ध गराउने सम्बन्धमा ।

३. साविक गा.वि.स भवनको भुक्तानी बाँकी रकम सम्बन्धमा ।

४. यस गाउँपालिका अन्तर्गत उर्जा विकास समितिको निर्णय स्वीकृत गर्ने सम्बन्धमा ।

५. नदीजन्य पदार्थको उत्खनन् तथा संकलन सम्बन्धमा ।

६. आन्तरिक लेखा परीक्षण गराउने सम्बन्धमा ।

निर्णयहरु:

नि.नं.१: प्रस्ताव नं. १ माथि छलफल हुँदा यस गाउँपालिका अन्तर्गत कृषि समुहहरुको दर्ता प्रयोजनको लागि यस कार्यालयको कृषि शाखाबाट तयार भई पेश भएको नमूना कृषक समुहको विधान बमोजिम दर्ता गर्न उक्त नमूना विधान स्वीकृत गर्ने निर्णय गरियो ।

नि.नं.२: प्रस्ताव नं. २ माथि छलफल हुँदा धनी बहादुर बोहराले आफ्नो घर जलेर पूर्ण रुपमा क्षेती भएको भनी प्रहरी सर्जमिन मुचुल्का र वडा कार्यालयको सिफारिस सहित यस कार्यालयमा निवेदन पेश गरेकोले विपद व्यवस्थापन तथा राहत वितरण मापदण्ड, २०७४ बमोजिम विपद व्यवस्थापन तथा राहत वितरण कोषबाट रकम भुक्तानी हुने गरी रुं १०,०००।- (अक्षेरेपी दश हजार रुपैयाँ मात्र) राहत वितरण गर्ने निर्णय गरियो ।

नि.नं.३: प्रस्ताव नं. ३ माथि छलफल हुँदा भण्डारी निर्माण सेवाले यस कार्यालयमा साविक गा.वि.स भवनको निर्माण कार्य सम्पन्न भैसकेकोले भुक्तानी गरि पाउँ भनी यस कार्यालयमा मिति २०७५।११।१५ मा निवेदन पेश गरेको र अधुरो तथा सम्पन्न योजनाको विवरण सहित जिल्ला समन्वय समितिको कार्यालय अन्तर्गत जिल्ला प्राविधिक कार्यालय, बझाङ् को प.सं. ०७४।७५ च.नं. २४३ मिति २०७५।०२।०८ को पत्रसाथ प्राप्त कागजात अनुसार स्थानान्तरण भई आएका योजनाहरुको गाउँपालिकाको कार्यालयबाट बजेट व्यवस्था गरी कार्यान्वयनमा सहजीकरण गर्नको लागि लेखी आएकोले यस आ.व. २०७५।७६ को विशेष गाउँसभाबाट उक्त भवनको बाँकी रकम भुक्तानीको लागि समेत बजेत विनियोजन भैसकेको हुँदा यस कार्यालयको प्राविधिक शाखाबाट उठेको विल बमोजिमको बाँकी रकम अन्तिम किस्ताको रुपमा भुक्तानी दिने र उक्त भवन गाउँपालिकाको नाममा हस्तान्तरण गरी लिने भन्ने निर्णय गरियो ।

नि.नं.४: प्रस्ताव नं. ४ माथि छलफल हुँदा यस कार्यालयको उर्जा विकास समितिको मिति २०७५।११।१७ को निर्णयबाट यस गाउँपालिकाको सशर्त तर्फको बजेट शिर्षक ३०८११८ मा राष्ट्रिय ग्रामिण तथा नविकरणीय उर्जा कार्यक्रम अन्तर्गत लघु तथा साना जलविद्युत आयोजनाबाट विद्युत उत्पादनको लागि रु. ६,००,०००।- (अक्षेरुपी छ

केदारस्युँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

बैठक संख्या १२ (क्र)

आज मिति २०७५।११।१९ गते विहान ८ बजेका दिन यस केदारस्युँ गाउँपालिकाका अध्यक्ष श्री इन्द्र बहादुर भण्डारीज्यूको अध्यक्षता तथा तपसिल बमोजिमको समुपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी तपसिलका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिमका निर्णयहरु पारित गरियो ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| १ | इन्द्र बहादुर भण्डारी | अध्यक्ष | Indrue |
| २ | निशाधामी | उपाध्यक्ष | |
| ३ | श्री प्रवीण श्रेष्ठ | प्रमुख प्रशासकिय अधिकृत | |
| ४ | श्री लोकेश वहादुर भण्डारी | वडाध्यक्ष वडा नं. १ | |
| ५ | श्री चक्रवहादुर लुहार (वि.क.) | वडाध्यक्ष वडा नं. २ | |
| ६ | श्री विर वहादुर खाती | वडाध्यक्ष वडा नं. ३ | |
| ७ | श्री भक्त प्रसाद भट्ट | वडाध्यक्ष वडा नं. ४ | |
| ८ | श्री कासीराम धामी | वडाध्यक्ष वडा नं. ५ | |
| ९ | श्री करसिङ्गे धामी | वडाध्यक्ष वडा नं. ६ | |
| १० | श्री प्रेम वहादुर धामी | वडाध्यक्ष वडा नं. ७ | |
| ११ | श्री गणेश वहादुर बोहरा | वडाध्यक्ष वडा नं. ८ | |
| १२ | श्री अहेन्द्र वहादुर शाही | वडाध्यक्ष वडा नं. ९ | |
| १३ | श्री तस्विर वि.क. | कार्यपालिका सदस्य | |
| १४ | श्री कटक वहादुर दमाई | कार्यपालिका सदस्य | |
| १५ | श्री नन्दा देवी सिंह | कार्यपालिका सदस्य | |
| १६ | श्री जौमती देवीबोहरा | कार्यपालिका सदस्य | |
| १७ | श्री विमलाकुमारी शर्मा | कार्यपालिका सदस्य | |
| १८ | श्री जुन देवीओखेडा | कार्यपालिका सदस्य | |

आमन्त्रीत
१- श्री जयराज पाण्डे

केदारस्युँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैजरा, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल